महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
ताजाकोट गाउँपालिका
हुम्ला

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १०८

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
ताजाकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
हुम्ला ।

कैफियत सहितको राय

हामीले ताजाकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. ताजाकोट गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पुर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ६८ लाख ९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिकिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४२ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ४७ लाख ९९ हजार, नियमित गर्नुपर्ने रू.७७ लाख २५ हजार र पेश्की रू. शुन्य रहेको छ ।पालिकाको गतवर्ष रु.८ करोड ८१ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१० हजार ८५ लाख ४७ हजार रहेको छ । ताजाकोट गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. ताजाकोट गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको स्थायी दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

ताजाकोट गाउँपालिका, हुम्लाको

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३६	२०	३६८०९	०	०	०	३६	२०	३६८०९	४२८४	७७२५	२४७९९	०	०	३२५२४	०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हुम्ला	८८१३२	०	१६३९४	७१७३८	०	३६८०९	१०८५४७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ताजाकोट गाउँपालिका, हुम्ला , तन्जाकोट गाउँपालिका , हुम्ला

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	लाल प्रसाद ढकाल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	विर्ष बहादुर सुनार	२०७७-४-१	
		बेरुजु रकम	३६,८०९,३५०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१,८९,५२६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१८,७०,२९,६७८	**चालु खर्च**	१६,५३,१९,९२८
प्रदेश सरकारबाट अनुदान	३,२४,९७,०००	**पूँजीगत खर्च**	५,१८,४६,००७
राजश्व बाँडफाँट	३,१६,४६,५९८	**वित्तीय/अन्य व्यवस्था**	२१,७६,५८,४६३
आन्तरिक आय	३,६३,१३०		
अन्य आय	१९,१०,०३,२४०		
कुल आय	४४,२५,३९,६४६	**कुल खर्च**	४३,४८,२४,३९८
बाँकी मौज्दात		१,१९,०४,७७४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय तथा एकीकृत आय व्यय विवरण** उल्लेखित कारोबारको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, कार्यालयले पेश गरेको आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा जोखिममा आधारित योजना अनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्ष संग मिति २०७८।०६।२० मा छलफल सम्पन्न भएको छ । स्थानीय संचित कोषःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को समग्र संचित कोषकसंक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । **एकीकृत आय व्यय विवरण**	

सञ्चीत कोषको विवरण					
ताँजाकोटगाउँपालिकाको कार्यालय मैला हुम्ला					
आर्थिक वर्ष२०७७।०७८					
सिनं	**आय तर्फ**		**सि नं**	**व्यय तर्फ**	
	विवरण	**रकम**		**विवरण**	**रकम**
१	गत वर्षकोजिम्मेवारी		१	चालु खर्च	१६५३१९९२८
	क) नगद		२	पूजिगतखर्च	५१८४६००७
	ख) बैंक	२०९४७६३	३	अन्य विषयगत निकाय बाट प्राप्त	
	१.राष्ट्रियवाणिज्य वैंक	४०१४०		सामाजिक विकास मन्त्रालय	६४९००००
	२.ग्लोवलआइएमई बैंक	२०५४६२३			
२	रजस्व(आन्तरिकआय)			सामाजिकसुरक्षा	२८९४६६००
	क) आन्तरीकराजस्व	३६३१३०			०
	ख) राजस्ववाँडफाँड	३१६४६५९८		स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	१८०००००
	ग) अन्य आय			स्थानीय पूर्वाधार कार्यक्रम संघ	६००००००
३	**वित्तियहस्तान्त्रण संघ**			एकिकृत स्वाथ्य पूर्वाधार विकास कार्यक्रम	८५०००००
	क) वित्तियसमानिकरण	६३७३८८००		समपुरक अनुदान संघ	४००००००

	ख) सशर्तअनुदान	११४२९०७८		विशेषअनुदान संघ	५००००००
	ग) समपुरकअनुदान	४००००००		वित्तिय समानिकरण कन्टीजेन्सी रकम	
	घ) विशेषअनुदान	५००००००		मुख्यमन्त्री रोजगार कार्यक्रम	१९५१३०००
४	**प्रदेश सरकारवाट प्राप्त अनुदान**			प्रकोषव्यवस्थापन खर्च	
	क) वित्तियसमानिकरण	१०११७०००		बहुक्षेत्रियपोषण कार्यक्रम	
	ख) सशर्तअनुदान	७००००००		आर्थिक मामिला तथा कानुन मन्त्रालय	१७३०००००
	ग) समपुरकअनुदान	१०८८००००		कर्णाली उज्यालो एकिकृत वस्त विस्तार कार्यक्रम	१००००००००
	घ) विशेषअनुदान	४५०००००		पिएलजीएसपी तलव	
५	अन्तर स्थानीय तहबाट प्राप्त			प्रदेशसमपूरक अनुदान	१०८८००००
६	विषयगतनिकायवाट प्राप्त			प्रदेशविशेष अनुदान	४५०००००
	सामाजिकसुरक्षा	२८९४६६००		प्रदेशसशर्त अनुदान	७००००००
	प्रधानमन्त्रीरोजगार		४	मुख्यमन्त्री रोजगार तथा उद्यमशितला कार्यक्रम	२२०००००
	सामाजिक विकास मन्त्रालय	६४९००००		क) ऋणभुक्तानी	
	स्थानीय पूर्वाधार कार्यक्रम संघ	६००००००		ख) व्याजभुक्तानी	
	स्थानीय पूर्वाधार कार्यक्रम प्रदेश			ग) अन्यभुक्तानी	

	सडक वोर्डनेपाल		५	लगानी	
	पर्यटनवोर्ड नेपाल			ऋण लगानी	
	मुख्यमन्त्री रोजगार तथा उद्यमशितला कार्यक्रम	२२०००००		सेयर लगानी	
	मुख्यमन्त्री रोजगार कार्यक्रम	१९५१३०००		अन्य लगानी	
	प्रकोषव्यवस्थापन खर्च		६	घरौटीफिर्ता	९७५०००
	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	१८०००००			
	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	८५०००००			
	बहुक्षेत्रियपोषण कार्यक्रम		७	जनश्रमदानफिर्ता	
	आन्तरिक मामिला तथा कानुन मन्त्रालय राहत वितरण कार्यक्रम	१७३०००००	८	कोष फिर्ता	
	कर्णाली उज्यालो एकिकृत वस्ती विस्तार कार्यक्रम	१००००००००	९	मौज्दात	
	पिएलजीएसपी तलव	३६०९०३		क) नगदमौज्दात	
७	विभिन्नकोष तर्फको आय			ख) बैंकमौज्दात	
८	जनसहभागिता (नगद)	०	१०	सशर्तअनुदान फिर्ता	०
९	विषयगतनिकायवाट प्राप्त		११	गत वर्षकोवढी अल्या	०
१०	धरौटी गतअल्या	५३२५००	१२	जनश्रमदानमौज्दात	०

११	धरौटी आय	१४५५०००	१३	धरौटीमौज्दात	१०१२५००
१२	जम्माधरौटी आय	१९८७५००	१४	कोष खाताको मौज्दात	५४४६१३७
				क)राष्ट्रिय वाणिज्य वैंक	४०१४०
				ख) ग्लोवलआइएमई बैंक	५४०५९९७
जम्मा		**४४६७२९१७२**			**४४६७२९१७२**

लेखापरीक्षणको क्रममा निम्नानुसार रु.१०५४९४३।- असूल भई दाखिला भएको छ ।

सि न	**वापत**	**रकम**
१	भकारे उ.स. को वढी भुक्तानी	२३७५०
२	राहत नि.मा. वि. दल वहादुर खडकावाट असूल	१२०८००
३	पारिश्रमिक आयकर दाखिला	८६०२३
४	चन्द्र प्रकास समेत विभिन्न उ.स	४१५५४
५	विस्णुलाल सार्कीवाट असूल भई दाखिला भएको	४००००
६	शिक्षकको स्थानीय भत्ता	४५९२०
७	वढी तलव	६७३८२
८	नभएको शिक्षकको तलव भुक्तानी	१७४३४९
९	सामाजिकको वितरण गरी भई बाँकी रहेको असूल भई दाखिला भएको	४५५१६५
	जम्मा	**१०५४९४३**

https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>असार मसान्त पश्चात पनि संचित कोषबाट ट्रान्सफरः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार १ आर्थिक वर्षमा खर्च हुन नसकि वाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा गाउपालिकाको संचित कोषमा स्वत ट्रान्सफर गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७८ श्रावण १३ गत देहाय वमोजिमको रकम संचित कोषबाट ट्रान्सफर गरेको देखियो ।गाउपालिकाले खर्च गर्दा असार मसान्त भित्रै संचित कोषबाट ट्रान्सफर गर्ने र चालु र पूँजीगत खातामा बाँकी रहन गएका रकमहरु संचित कोषमा दाखिला गरि वित्तिय अनुसासनको पालना गर्नुपर्नेमा वित्त कानून विपरित अर्को आर्थिक वर्षमा खातामा रु.५९५४९९९०.३५ ट्रान्सफर गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>खाताको प्रकार</th><th>बैंकको नाम</th><th>खाता नं.</th><th>श्रेस्ता अनुसार रकम रू</th><th>२८।०७।२०२१ को रकम</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>ग्लोलवन आई एम ई बैंकलि.</td><td>T४०४०१००००००१९</td><td></td><td>३१६८१६०७.५७</td></tr>
<tr><td>पुँजिगत खर्च खाता</td><td></td><td>T४०४०१००००००२०</td><td></td><td>२७८६८३८२.७८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>५९५४९९९०.३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>बैंक हिसाव विवरणः
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोवार , आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गिकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले म.ले.प. फाराम नं. २१२ तयार गरी बैंक हिसाव विवरण भिडेको देखिएन । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी असार मसान्तको बैंक विवरण र चेक साट्न बाँकी विवरण सहितको बैक हिसाव मिलान तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>संघीय वित्तिय अनुदान फिर्ताः -
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४५ अनुसार सघिय संचित को]षबाट स्थानिय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर गाउपालिकाले देहाय अनुसार संघ संचित कोषमा फिर्ता नगरेको रु.</td><td>१२,१८२,५२४</td></tr>
</table>

अनुदान	कार्यक्रम	वजेट	खर्च	बाँकी
ससर्त	शिक्षा	५६९१२०००	५४३४८१८७	२५६३८१३
	आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण ससर्त अनुदान	६६३८०००	०	६६३८०००
	मेडपा तर्फ			२८०००
	स्वास्थ्य कर्मचारीको पारिश्रमिक तथा प्रशासनिक व्यवस्थापन ससर्त अनुदान	८५०००००	७५२९७०६	९७०२९३
समपुरक	धर्मोदय मा.वि. भवन निर्माण ताजाकोट-३	४००००००	१९८२४१८	१९८२४१८
	जम्मा			**१२१८२५२४**

४

प्रदेश वित्तिय अनुदान फिर्ताः

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐनको दफा ५,६,७ अनुसार ससर्त, समपुरक र विशेष अनुदानको व्यवस्था गरेको छ । गाउपालिकाले देहाय अनुसार को अनुदान रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नगरी बाँकी रहेको प्रदेश संचित कोषमा फिर्ता नगरेकोले अनुदानका रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

८,४१७,९७७

अनुदानको प्रकार	आयोजनाको नाम	खर्च रकम	प्रदेश योगदान रकम	गा.पा.को योगदान रकम
समपुरक अनुदान	धर्मोदय मा.वि.भवन निर्माण ताजाकोट-३ प्रदेस	४५४०५९०	४५४०५९०	२२७०२९५
	चारा वगर देखी रामा औल सम्म सिचाई कुलो निर्माण वडा नं.३	६३५३९८५	३७७६९९२	३७७६९९२
	ढुङ्गी स्याउ फाराम घेराबार निर्माण	४७४१३८१	४७४१३८१	२३७०६९०
जम्मा				**८४१७९७७**

५

योजना वनाई कार्यान्वयन गर्ने–

https://nams.oag.gov.np

			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस्तो योजना वनाएको देखिएन । योजनान वन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वियन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वियन गरिनु पर्दछ ।	
६			**कार्ययोजना नभएकोः** स्थानीयतहमा बजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाँउसभाबाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वियनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत वजेट रु.४१ करोड ४९ लाखको समय सीमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वियन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सीमा सहितको कार्ययोजना वनाई वजेट कार्यान्वियन हुनु पर्दछ ।	
७			**राजश्वः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कर लगाउन पाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष जम्मा रु. ५लाख लक्ष्य राखेकोमा रु. ३६३१३०।- यथार्थमा ७२.६ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ । पालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता लेखापरीक्षणमा पेश गरेको छैन । राजश्व सम्वन्धि महालेखा परीक्षकवाट स्वीकृत (१०० लाइनका) फारामहरु प्रयोग गरी अभिलेख र प्रतिवेदन अद्यावधिक गरेको पाइएन । साथै विभिन्न शिर्षकमा वडाबाट संकलन भएको राजश्व स्थानीय संचित कोषमा दाखिला गरेको देखिएन । आन्तरिक आय र संकलित राजश्वको लेखा अद्यावधिक गरी लेखापरीक्षण गराउनु पर्दछ ।	
८			**बजेट पेश, पारित र अख्तियारः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १०गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफलगरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतह का प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहका अध्यक्ष श्रीकृष्ण रोकायाले मिति २०७७।३।१० गते रु. ४१ करोड ४९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा ढीलो गरी मिति २०७७।3।१८ मा पारित भएकोछ ।यसैगरी स्थानीय तहका प्रमुखले 207७/४/७ मा प्रमुख प्रशासकीय अधिकृत लाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
९			**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१)बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको	

			व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्ग दर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषय गत शाखा तथा वडा समिती लाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यानजानु पर्दछ।	
१०			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • पालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तर्जुमा नगरी कार्यक्रम संचालन गरेको देखियो । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गरी जिन्सी निरिक्षण प्रतिवेदन लिनुपर्नेमा पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको देखिएन । • भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार अधिकार प्राप्त अधिकारीबाट भ्रमण आदेश स्विकृत गराई भ्रमण गर्नुपर्नेमा स्वास्थ्य शाखावाट पालना गरेको देखिएन । नियम २१ अनुसार भ्रमण अभिलेख पालिकामा राखेको देखिएन । • भ्रमण खर्च नियावली, २०६४ को नियम १८ अनुसार भ्रमण समाप्त भएपछि दैनिक भत्ता तथा भ्रमण खर्चका विल भरी भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेमा पालिकाले अनुगमन मूल्यांकन तथा भ्रमण खर्चमा प्रतिवेदन लिने गरेको देखिएन ।	

- मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिकपरीक्षण लाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा. १४ अनुसार नागरिक वडा पत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराए र मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुनसकेन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविक कागाउँविका ससमिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखन गरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११			**आय व्यय विवरण सार्वजनिक नगरेको** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आयव्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ ।	
१२			**विवरण सार्वजनिक नगरेकोः**– स्थानीयतहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्य स्थलमा सो काम संग सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्क ालिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलव्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माणकार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ ।	
१३			**अभिलेख अद्यावधिकः** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्यप्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ , स्वीकृत मध्ये कुन – कुनकार्य भए र कुन(कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ ।	
१४			**प्रशासकीय संगठन र जनशक्ती व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले दरवन्दी सम्वन्धी विवरण लेखापरीक्षणमा पेश भएन । स्थलगत लेखापरीक्षणको क्रममा व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित महत्वपूर्ण पदहरु रिक्त रहेको देखियो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम	

			सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।	
१५			**वडा सचिवकोपदपूर्ति:** गाँउपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ५ जनाको दरबन्दी रहेकोमा ३ जनाको पदपूर्ति भइ २ जना रिक्त रहेको कार्यालयवाट प्राप्त विवरणमा देखिन्छ।रिक्त दरबन्दीको पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।	
१६			**आन्तरिक लेखापरीक्षण:** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गरेको छ । शाखाले लेखापरीक्षण त्रैमाशिक रुपमा नगरी वार्षिक रुपमा एक पटक गरी प्रतिवेदन दिएको छ ।तसर्थ त्रैमाशिक आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिई आन्तरिक नियन्त्रण प्रभावकारी ढङ्गले सञ्चालन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण आन्तरिक लेखापरीक्षण शाखालाई संस्थागत वनाउन पालिकाले ध्यानदिनु पर्दछ ।	
१७			**वित्तिय हस्तान्तरणको आन्तरिक लेखा परीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८४ (५) अनुसार अन्तरसरकारी अख्तियारी अन्तर्गत भएको निकासा खर्चको आन्तरिक लेखापरीक्षण सम्वन्धित अख्तियारी दिने निकायले गर्ने व्यवस्था छ । संघीय अन्तर सरकारी वित्त हस्तान्तरण गर्ने कोष तथा लेखा नियन्त्रण कार्यालय हुम्लाले आन्तरिक लेखापरीक्षण गरेको देखिएन । त्यसैगरी प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले प्रदेश वित्त हस्तान्तरण अन्तरगर्त त्रैमासिक लेखापरीक्षण नगरी वार्षिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन समेत गरेको छ । उक्त प्रतिवेदन यस प्रतिवेदनमा समावेश छ । वित्तीय हस्तान्तरणको लेखापरीक्षण प्रदेश तथा संघीय कोष तथा लेखा नियन्त्रण कार्यालयले समयमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गरी वित्तीय अनुशासन कायम गर्न जोड दिनु पर्दछ ।	
१८			**बार्षिक खरिद योजना र गुरुयोजना:** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५ करोड १८ लाख पूँजीगत खर्च गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतःगाँउपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।	

१९			**विद्युतिय लेखाः** **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखानियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई गाँउपालिकाले प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले शुत्र सफ्टवयरको आँशिक प्रयोग गरी लेखा राखेको छ । यस तर्फ तत्काल सुधार गरी पूर्ण रुपमा शुत्रको कार्यान्वयन गरिनु पर्दछ ।**	
२०			**प्रगति विवरण–** स्थानीय सरकारका सञ्चालन ऐन २०७४ को दफा७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाँउपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ ।	
२१			**आर्थिक सहायता-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७० अनुसार पालिकाले स्थानीय कानून वमोजिम आकस्मिक कोष स्थापना गरी संचालन गर्न सक्ने व्यवस्था छ । । यो वर्ष विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायता वापत घटीमा ५०००।– देखि वढिमा रु.५००००।– सम्म गाउपालिका अध्यक्षबाट स्वविवेकिय अधिकार प्रयोग गरी जम्मा रु.९२५०००।– सहायता वितरण गरेको देखियो । पालिकाले आर्थिक सहायता दिदा कानून वनाई स्थानीय आकस्मिक कोषमा वजेटको व्यवस्था गरी गाउपालिकाको आन्तरिक स्रोतबाट निश्चित मापदण्ड वनाई आर्थिक सहायता वितरण गर्नु पर्दछ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
२२			**सोझै खरिदः** सार्वजनिक खरिद नियमावलीको नियम ३१ र ८४ अनुसार तोकिएको रकम भन्दा वढी मालसामान खरिद गर्दा वोलपत्र तथा शिलवन्दी दरभाउको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउलिकाले देहाय अनुसार मालसामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको पालना नगरेकोले पालना गरी खरिद गर्नुपर्दछ ।	

गो.भौ.नं.र मिति	फर्मको नाम, ठेगाना	विवरण	विल नं.र मिति	रकम
शिक्षा ११।०७८।३।२५	लोमस सर्जिकल हाउस, नेपालगञ्ज ९ बाँके	सेनीटरी प्याय खरिद	९३।०७८।३।३	४९९२५७
			१३९।०७८।३।२३	२९९२७६
गाउँपालिका चालु अनुदान ३२।०७७।११।९	निसान कम्प्युटर ट्रेडर्स नेपालगन्ज	मेशिनरी औजार	१८३ र १८५।०७७।६।१४	३२४८७६
	छितिज ट्रेड एण्ड सप्लायर्स	कार्यालय सामान	१४ र १५ ।०७७।६।४	२५७७८१
३३।०७७।११।९	मिसन अप्सेट प्रेस	कार्यालय सामान	१० र ११।०७७।६।४	१९७८९१
११६।०७८।३।१०	मिसन प्रिन्टिङ प्रेस	कार्यालय सामान	१६।०७८।२।१०	९९१५७
१४१।०७८।३।३१	छितिज ट्रेड एण्ड सप्लायर्स	कार्यालय सामान	०७८।३।२६	२३२७१२
१४२।०७८।३।३१	मिसन अप्सेट प्रेस	कार्यालय सामान	०७८।३।२५	३६७७३२
१४४।०७७।३।१७	केरावान प्रालि	भिडियो डकुमेन्ट्री	०७८।३।३०	९९६६६०
जम्मा				**३२७५३४२**

२३			**आयकर दाखिलाः** आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टी गर्नु पर्ने र दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अन्तिम र अग्रिम करकट्टा नगरी भुक्तानी गरेकोले रु. ४२३६६।- कर दाखिला गर्नु पर्ने रु.	४२,३६६

व.उ.शि.नं.	गो.भौ.नं.र मिति	पेश्की लिनेको नाम	विवरण	भुक्तानी रकम	दाखिला नगरेको कर
सशर्त शिक्षा	१४।०७८।३।८	श्री जय रुद्र ढकाल	कक्षा ८ परिक्षा संचालन केन्द्राध्यक्षा श्री धनसिं वोहरा र श्री गंगादत्त जैसी	३००००	४५००
कृषि आ.ले.प.समेत	१६।०७८।३।७	पञ्जिकरण शाखा प्रमुख श्री विमल ढकाल	सामान खरिद, कम्प्युटर खरिद	१२००००	१८००
कर्णाली उज्यालो एकिकृत वस्ति विस्तार कार्यक्रमः		भकारे खानेपानी तथा बाटो निर्माण उ स			९५००
		एकीकृत खानेपानी योजना	निर्माण		१९०००
मुख्यमन्त्री रोजगार कार्यक्रमः			समान खरिद		१७९६
मूख्यमन्त्री रोजगार तथा उद्यमशिलता कार्यक्रमः	१।०७८।३।२२	मेहल कख नदि नियन्त्रण ताजाकोट	ताजाकोट ट्रेडर्स एण्ड सप्लायर्सवाट तार खरिद	१३३३३०	१७७०
	३।०७८।३।२३	डडेरी खोला सिचाई वडा नं.५	ताजाकोट ट्रेड एण्ड सप्लायर्स सामान खरिद	१२८०७९	१५००
	१३३।०७८।३।३१	मिनिट्रक भे १ ख ३४९८ प्रोप्राइटर कमल ढकाल	ढुवानी	१०००००	२५००
जम्मा					४२३६६

<table>
<tr><td>२४</td><td></td><td></td><td>सम्पत्ती र जिन्सी व्यवस्थापन -
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१) अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी कितावमा ७ दिन भित्र आम्दानी वाधी लगत अद्यावधिक गर्नु, गरानु पर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न शिर्षकमा जिन्सी तथा सम्पत्ती खरिद गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको छैन । जिन्सी तथा सम्पत्ती आॅम्दानी वाँधि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>दरवन्दी बेगर खर्चः-
स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ८४ अनुसार दरवन्दी स्वीकृत गरेर मात्र खर्च गर्नु पर्दछ । गाउपालिकाले गाउपालिका तथा वडा कार्यालयहरुमा जम्मा स्वीकृत दरवन्दी २९ रहेकोमा गाउपालिका वडा कार्यालय स्वास्थ्य, कृषि, पशुविज्ञान तथा वन क्षेत्रका समेत २९ जना दरवन्दी भन्दा वढी कर्मचारी राखी खर्च गरेको नियम अनुसार देखिएको रु.
<table>
<tr><th>पद र नाम</th><th>मासक दर</th><th>महिना</th><th>जम्मा</th></tr>
<tr><td>वन रक्षक-९</td><td>७४०००</td><td>१३</td><td>९६२०००</td></tr>
<tr><td>स्वास्थ्य तर्फ का.स.</td><td>१३६३६०</td><td>१३</td><td>१७७२६८०</td></tr>
<tr><td>कार्यालय सहायक-२</td><td>५३२२०</td><td>१३</td><td>६९१८६०</td></tr>
<tr><td>विभिन्न विषयगत क्षेत्रका का.स.-७</td><td>१३६३६०</td><td>१३</td><td>१७७२६८०</td></tr>
<tr><td>विभिन्न पद खरिदार, स.क.अ.</td><td>१४४४४०</td><td>१३</td><td>१८७७७२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५४८१९४०</td></tr>
</table></td><td>५,४८१,९४०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पदाधिकारी सुविधाः
कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा १२ अनुसार जिल्ला बाहिर सरकारी कामकाजको लागि भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता उपलव्ध गराउने व्यवस्था छ । गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष लगायत विभिन्न २८ पदाधिकारीहरुले</td><td>६२७,४२०</td></tr>
</table>

			नियममा व्यवस्था नभए अनुसार जिल्ला भित्र भ्रमण गरी भ्रमण भत्ता लिएको रु.	
२७			**पदाधिकारी वैठक भत्ताः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ११ अनुसार पदाधिकारी सदस्यहरुले वैठकमा भाग लिएको प्रत्येक दिनको अनुसूची २ वमोजिमको रकम वैठक वापत पाउने व्यवस्था छ । गाउँपालिकाका देहायका पदाधिकारीहरुले नियममा व्यवस्था नभए अनुसार वैठक भत्ता लिएको रु. <table><tr><th>गौ.भौ.नं. र मिति</th><th>वैठकको मिति</th><th>वैठक जना</th><th>भत्ता रकम</th></tr><tr><td>९८।०७८।१।२६</td><td>०७८।१।१६</td><td>कार्यपालिका -१६</td><td>२४०००</td></tr></table>	२४,०००
२८			**खर्चमा मितव्ययीताः** स्थानीय वजेट दिग्दर्शन २०७४ अनुसार खर्च विविध खर्च गर्दा खर्चको सिमा तोकेको छ । पालिकाले यो वर्ष चालु खर्चमा रु.५५१९३७९३। लेखेकोमा विविध खर्च रु.५९२३२७३।- लेखेको छ । जुन चालु खर्चको ११ प्रतिशत हुन आउंछ । त्यस्तै न्यू लुम्विनी गीता होटल नेपालगञ्जलाई रु.७८४५०।- , होटल ग्रिनप्रिस नेपालगञ्जलाई रु.२११५५०।-, न्यू होटल एण्ड लज नेपालगञ्जलाई रु.१९१३३०।- समेत रु. ४८१३३०। जिल्ला वाहिरका होटललाई खाजा, नास्ताको खर्च लेखेको छ ।विविध खर्चमा नियन्त्रण कायम गरी स्थानीय खर्च मितव्ययीता मापदण्ड लागु गरी खर्च नियन्त्रण गर्नु पर्दछ ।	
२९			**समानिकरण अनुदानबाट शिक्षक नियुक्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार स्थानीय तहको शिक्षा सम्वन्धी कामहरुको व्यवस्था गरेको छ । गाउपालिकाले विभिन्न ६ विद्यालयहरुमा शिक्षा समन्वय इकाईमा रहेको अभिलेख भन्दा वढि हुनेगरी स्थानीय शिक्षा ऐन तर्जुमा लागु नगरी करारमा शिक्षक राखी रु.७६०७९३०।– खर्च लेखेको छ । यस्तो किसिमबाट खर्च नलेखी स्थानीय शिक्षा ऐन तर्जुमा गराएर मात्र खर्च गर्नु पर्दछ । साथै गाउपालिको वजेटबाट समेत विनियोजन गरेको निर्णय गरेको देखिएन ।यस सम्वन्धमा गाउपालिकामा प्रस्तावित मा.वि. तथा नि.मा.वि. नरेकोले शिक्षक नियुक्ति गरी विद्यालयको अध्यापन कार्यलाई निरन्तरता दिनु गाउपालिकाको कर्तव्य रहेको कार्यालयको भनाई रहेको छ ।	
३०	९	२०७८-३-२९	**कर्णाली उज्यालो एकिकृत वस्ति विसतार कार्यक्रम वढि भुक्तानीः** गोडाले वडा देखि भकारे एकिकृत व्यवस्थापन सडक निर्माण उपभोक्ता समितिलाई रु.८८८९६२५। भुक्तानी गरेको देखियो । उक्त रकम भुक्तानी गर्दा नापि किताव अनुसार BMS/SMS/ Ordinary Rock without Blasting समेत जम्मा रु.६२१३।८० घ.मि.को मात्र कार्य सम्पन्न भएकोमा सो ९० र १०	४८८,९७०

			प्रतिशतको आधारमा BM, GM.S ५५९१।८६ घन मिटरको प्रति घनमिटर रु.७८२.८० का दरले हुने घ.मि.रु.४३७४५६७।- र Ordinary rock without Blasting को ६२१।३२ घ.मि.को प्रति घ.मि रु.को २११०.१० का दरले रु.१३११११४०।४३ समेत जम्मा रु.५६८५७०७।४३ को मात्र कार्य सम्पन्न गरेकोमा रु.६१७४६७६।९६ भुक्तानी गरेकोले रु.४८८९६९।५३ वढि भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.	
३१	६	२०७८-३-२५	एकिकृत वस्ति वस्तारको लागि स्विकृत कार्यक्रम अनुसार प्रति बाढिपीडित परिवारलाई रु.५ लाखका दरले रु.१५४ घर निर्माण गर्न स्विकृत कार्यक्रम अनुसार रु.७४९६९९००। भुक्तानी गरेको देखियो । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । क. लाभग्राहीलाई अन्तिम किस्तावापतको रकम उपलव्ध गराउँदा नापि, कार्यसम्पन्न भई लाभग्राहिलाई हस्तान्तरण प्रमाणपत्र सहित उपलव्ध गराउनुपर्नेमा सम्वन्धित लाभग्राहिको खातामा रकम रु.७४९६९९००। उपलव्ध गराई सम्वन्धित वैंकलाई खाता रोक्न पत्राचार गरिएको छ । यसरी खातामा रकम जम्मा गरि खाता रोक्का गरेको देखिन्छ । र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले लाभग्राहिले अन्तिम किस्ता समेत भुक्तानी लिदा कार्य सम्पन्न भयो भनि यकिन गर्न सकिएन । ख. गाउँपालिकाको २०७७।१०।८ को वैठकवाट १५४ जना लाभग्राहिलाई छनोट गरि सो को आधारमा कार्यक्रम सम्पन्न गर्नुपर्नेमा वैकमा रकम भुक्तानी गर्दा कार्यपालिकाकव वैठकबाट निर्णय भएका भन्दा फरक नाममा समेत वैकमा रकम जम्मा गरेको देखियो । कार्यालयले परिवारको नामको वैक खातामा केहिको नाम भिडान नभएको जवाफ दिएको छ । तर कुन कुन लाभग्राहिको परिवारको खातामा रकम जम्मा गरेको सो उल्लेख नहुदा परिवारको खातामानै रकम पठाएको हो भनि यकिन गर्न सकिएन ।	
३२	२६	२०७८-३-२३	**गा.पा. पूँजिगत वढि भुक्तानी :** चिदिगर्ड देखि गल्लावडा खानेपानी उपभोक्ता समितिलाई खानेपानी निर्माण कार्यको लागि रु.२१३७५०। भुक्तानी गर्दा पाइप गर्ने कार्य १८५ घ.मि. दिएको र पाइप पुर्ने काम स्विकृत नम्स अधिकतम दुई तिहाईका दरले १२२.१ घ.मि.को दर रु.३६६।७४ प्रति घ.मि.ले रु.४४४१२। दिनुपर्नेमा रु.६७८४६।९ दिएकोले वढि परिमाणको रु.२३४३४। वढि भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु.	२३,४३४
३३	३	२०७७-१२-२९	**नापि भन्दा वढि भुक्तानी -** सिरुपाते गोठालेवडा सडक उपभोक्ता समितिलाई सडक निर्माण कार्य वापत रु.५००००००। भुक्तानी दिएको देखियो । सो रकम भुक्तानी दिदा नापि कितावमा ६५०६।३ बि.एम.एस.माटो सडक निर्माण गरेको उल्लेख छ । सो अनुसार ६५०६.६८ घ.मि.को प्रति घ.मि रु.७८२।८० का दरले ५०९३१९४। मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । तर भुक्तानी दिदा सम्पूर्ण नापि परिणामको दिइसकेपछि 0rdinary rock को भनि ३०२।५० घ.मि. को प्रति घ.मि.रु.२११०।२५ को दरले रु.६३८३५०। भुक्तानी दिएको देखिएकोले कार्य सम्पन्न भएको र नापि भन्दा वढि भुक्तानी भएको रु.६३८३५०। असूल गर्नुपर्ने रु.	६३८,३५०
३४			**आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश सरकार शर्त अनुदानः कर्णाली प्रदेश संचालन नियमावली २०७५ को नियम ३७ ३ अनुसार लेखा राख्नुपर्ने व्यवस्था छ । राहत रकम वितरण गर्दा देहाय वमोजिमका वडा सचिवहरुलाई राहत वितरण गर्न रकम उपलव्ध गराइएकोमा राहत वितरण गरेको प्रमाण पेश भएको नदेखिएको रु.	३,९००,०००

सि न	पद नाम	राहत रकम
१	सचिव श्री विष्णुभक्त जैसी	३१५००००
२	सचिव श्री किरण ऐडि	७५००००
जम्मा		**३९०००००**

३५

प्रदेश सरकारबाट प्राप्त मुख्यमन्त्री रोजगार कार्यक्रमः

मुख्यमन्त्री रोजगार कार्यक्रम, कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ४ अनुसार छनौट गरिएका आयोजनाहरु दफा ६ अनुसार कार्यान्वयन गरी दफा ९ देखि १२ अनुसार विभिन्न तहमा कार्यक्रमको अनुगमन गरी भुक्तानीलाई अुनगमन प्रतिवेदनसँग आवद्ध गरी नियमित प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकामा यस ६ आयोजनाको लागि यस वर्ष रु. बजेट विनियोजन भई रु.१९५१३०००।- खर्च भएको छ । कार्यविधि अनुसार कार्यक्रमको छनौट, कार्यान्वयन, अनुगमन प्रतिवेदन भएको देखिएन । समान उद्देश्य भएका प्रधानमन्त्री रोजागार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम एक आपसमा आवद्ध गरी रोजगार तथा कोभिड १९ का कारणबाट रोजगारी गुमाएका विदेशमा रोजगारी गुमाएका वा स्वदेशमा केहीँ गर्ने अभिलाषा भएका युवालाई रोजगारी दिई रोजगारी, आयआर्जन तथा आधारभुत क्रियाकलापहरु संलग्न गराई युवाको सीप, उद्यमशिलता, नविनता र सिर्जनशिलताको उपयोग गर्न कार्यक्रम आवश्यकताको आधारमा प्रदेश र स्थानीय तह बीच दोहोरो नुहने गरी छनौट, कार्यान्वयन गरी तीन तह बीच अनुगमन र प्रतिवेदन प्रणालीलाई स्वचालित र प्रविधिमैत्री बनाउनु पर्दछ ।

३६

ओभरहेड राखी स्टेटमेण्टः

९४,२७१.०९

निम्न योजना लागत अनुमान तयार गर्दा सि.जि.आई.सिट छानो निर्माणमा प्रति वर्ग मिटर २४०६.२६ का दरले दर कायम गरेको छ । तर ओभरहेड समावेस नगर्दा दर रु.२०९२.६४ प्रति वर्ग मिटर मात्र हुने हुँदा वढि दरले भुक्तानि दिएको थप व्ययभार परेको रु.

गो.भौ.नं.र मिति	योजना	सि.जि.आई.सिट परिमाण	फरक दर	रकम
४।०७८।३।२३	कैलाश देव विद्यालय	९७.५०	३१३.६२	३०५७७.५५
५।०७८।३।२३	कालिका मा.वि	११७।	३१३.६२	६३६९३.५४
जम्मा				**९४२७१.०९**

३७			**धरौटीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) वमोजिम सार्वजनिक निकायले खरिद संझौता अनुसारको रिटेन्सन मनी ५ प्रतिशत रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले देहाय वमोजिमको कामको लागि देहाय वमोजिमका निर्माण व्यवसायीसंग खरिद संझौता गरी विलको भुक्तानी गरेको देखियो । त्रुटी सच्याउने अवधिमा सुरक्षण गरेको देखिएन । निर्माण व्यवसायीलाई विल रकम भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।	

योजनाको नाम	**निर्माण व्यवसायीको नाम**	**भुक्तानी रकम**	**धरौटी कट्टा गर्नुपर्ने रकम**
ढुङ्गी स्याउ फाराम घेराबार निर्माण	डि.एण्ड डि.निर्माण सेवा	४७४१३८१	२०९७९५
धर्मोदय मा.वि.भवन निर्माण ताजाकोट-३	वावुराम निर्माण सेवा	४५४०५९०	२००९११
धर्मोदय मा.वि.भवन निर्माण ताजाकोट-३	प्रशान्त निर्माण सेवा	३९६४८३६	१६८०४५
चाटावगर देखी रामा औल सम्म सिचाई कुलो वडा नं.३	खार्पुनाथ निर्माण सेवा	६३५३९८५	२८११५०
जम्मा			**८५९९०१**

३८			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** ०७८।३।३१ – पैमा देखि गोठालवडा सडक निर्माण वापत रु८५७५०००। भुक्तानि गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।	
३९	१२	२०७८-३-१७	जनप्रकाश मावि खेल मैदानमा माटो काट्ने कार्य ३०६० घनमिटर रहेकोमा प्रति घनमिटरको लागत अनुमान तयार गर्दा अदक्ष कामदारको दैनिक ज्याला रु.९५०। राखी दर विश्लेषण गरेको छ । सो अनुसार माटो काट्ने कामको दर रु ६८२।८० का दरले रु २३९५३६८। भुक्तानि गरेको छ । तर रु ५१७। अदक्ष ज्यालालाई आधार मान्दा प्रति घनमिटर रु ४२६। का दरले ३०६० घनमिटरको रु १३०३५६०। हुनेमा रु २३९५३६८। भुक्तानि गरि रु १०९१८०८। वढि रकमको काम देखाई श्रमिकलाई ज्याला भुक्तानि गरेको छ । जसले गर्दा रोजगारी पाउनेबाट कम काम सम्पन्न भएको रु.	१,०९१,८०८
४०			**सामाजिक बिकासः**	५००,०००

प्रदेश सरकारबाट स्विकृत कार्यक्रम अन्तर्गत भेन्टिलेटर र आइ.सि.यु खरिद बापत रु. ५०००००।- बजेट ब्यबस्था भई सोही रकम खर्च भएकोमा स्विकृत कार्यक्रम अनुसार खर्च नगरि अन्य कार्यक्रमबाट भुक्तानि भएकोले स्विकृत कार्यक्रम बिपरित खर्च लेखेको ।

४१

औषधिको आवश्यकताः

वर्षभरिमा प्राथमिक स्वास्थ्य कन्द्र, स्वास्थ्य .चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा प्रदेश सरकार नेपाल सरकारबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । गाँउपालिकाले औषधी रु.१६५०४३७।- खरिद भएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन । आपूर्तिकर्ता हुने औषधी तथा औषधीजन्य सामाग्रीको Expiry dateस्टोर दाखिला समय सम्म अवधि राखी अभिलेख राख्ननु पर्दछ ।,आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य समानको वाहिर Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्नु नगरेको, स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला नगरेको र प्रयोग र मौज्दात समेत यकिन सावजनिक खरिद कानुनको परिपालना हुने गरी खरिद गर्नु पर्दछ ।

गो.भौ.नं.र मिति	**कार्यक्रम**	**फर्मको नाम**	**विवरण**	**रकम**
८८।०७८।३।३१	गा.पा. पुजिगत	हिमालयन मेडिसिन कन्सर्न विरेन्द्रनगर	औषधि खरिद र ढुवानी	११२४९१२
७। ०७८।३।८	स्वास्थ्य सर्शत	अर्यान फर्मा नेपालगञ्जवाट	औषधि खरिद र ढुवानी	५२५५२५
	जम्मा			**१६५०४३७**

४२

कोभिड उपचार व्यवस्थापनः

कोभिड-१९ तथा अन्य स्वास्थ्य सेवा प्रवाहको लागि अन्तरिम निर्देशिका, २०७६ को बुँदा नं.४ मा कोभिड-१९ को पहिचान तथा उपचार व्यवस्थापन सन्दर्भमा आधारभूत परामर्श तथा प्रेषण सेवा सवै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रले उपलव्ध गराउने, आइसोलेशन, नमूना संकलन तथा प्रेषण सेवा प्रादेशिक अस्पताल वा कोभिड- १९ क्लिनिक सञ्चालन गर्ने अस्पतालले गर्ने, सामान्य केश व्यवस्थापन तह १ कोभिड-१९ अस्पतालले , मध्यम जटिल र अति जटिल केश तह २ कोभिड अस्पतालले र बहुविज्ञ सेवा चाहिने कोभिड-१९ बिरामीको व्यवस्थापन तह ३ कोभिड अस्पतालले गर्ने व्यवस्था छ ।तर गाउँपालिकाले तोकिए अनुसार उपचार व्यवस्थापन नगरि देहाय अनुसार खण्डिकृत रुपमा कोरना व्यवस्थापन गरेको पाइयो ।

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८८।०७८।३।३१</td><td>गा.पा. पुजिगत</td><td>औषधि खरिद र ढुवानी</td><td>११२४९१२</td></tr>
<tr><td>९०।०७८।२।१७</td><td>गा.पा. प्रकोप चालु</td><td>खोप अभियान कार्यक्रम</td><td>२११९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१३३६८१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td>२२</td><td>२०७८-३-८</td><td>पेश्की फर्स्योंट
स्थानीय तहमा स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महँगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्चमा रु.९९९०००।- खर्च लेखोको गोश्वरा भौचरमा पुरै खर्च लेखेको तर वैंक नगदी किताबमा ४९८०००।- पेश्की फर्स्योंट लेखेको देखियो ।गोश्वरा भौचरमा खर्च लेखी भुक्तानी गरेको तर वैंक नगदी किताबमा पेश्की कट्टा गरेकोले असूल गर्नुपर्ने रु.</td><td>४९८,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>विलभरपाई नभएको भुक्तानीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टी गर्ने विल, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । सुरक्षा गाउ कृष्ण जैसीको खातामा विभिन्न कर्मचारी भ्रमण खर्चको रकम मिति २०७८।४।१८ मा रु.२०५०००। वैक खातामा जम्मा गरेको पाइयो । निजले वुझेर विभिन्न व्यक्तिको दैनिक भ्रमण भत्ता वैक मार्फत वुझाएको प्रमाण हुनु पर्ने रु.</td><td>२०५,०००</td></tr>
<tr><td>४५</td><td>५</td><td>२०७७-१२-५</td><td>पेश्कीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७४ अनुसार कुनै व्यक्तिले सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागि हो के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई कार्यालयमा निवेदन दिई कार्यालय प्रमुखले आवश्यक पर्ने रकम वढि नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था छ ।कार्यालका स्वास्थ्य शाखा प्रमुख श्री राजेन्द्र स्याङ्वुलाई ताजाकोट गाउपालिका वार्षिक कार्यक्रम २०७७।७८ स्वास्थ्य अन्तर्गतका विभिन्न कार्यक्रम राखी,रु.४४०००००। लेखेको देखियो । कार्यक्रमहरुको लागत अनुमान तयार नगरेको, स्वास्थ्य चौकीका व्यवस्थापन खर्च सम्वन्धित स्वास्थ्य चौकीको खातामा ट्रान्सफर नगरेको, मातृ शिशु स्वास्थ्य कार्यक्रमको यातायात खर्च रकम वैक ट्रान्सफर नगरेको देखियो । पालिकाले पेश्की दिदा लागत अनुमान र एकिन विवरणका आधारमा पेश्की दिई व्यवस्थापन खर्च र अनुदान रकम सिधै लाभग्राहिको खातामा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td>७</td><td>२०७८-३-८</td><td>वढि भुक्तानीः</td><td>७,८८३</td></tr>
</table>

			स्वास्थ्य शाखा प्रमुख राजेन्द्र स्याङ्वु लाई औषधी खरिद गर्न अर्यान फर्मा नेपालगञ्जवाट रु.५२५५२५।विल पेश भएकोमा अग्रिम कर कट्टा नगरी पुरै भुक्तानी भएको देखियो । आयकर ऐन २०५८ अनुसार फर्मलाई स्रोतमा कट्टी नगरेकोले असूल गर्नुपर्ने रु.	
४७	७	२०७८-३-८	कोल्टीबाट ताजाकोट गाउपालिका सम्म ४६० के.जि. औषधी ढुवानी गर्दा प्रति ट्याक्टर ११७५०।- का दरले रु.५८७५०।- खर्च लेखेको देखियो । गाडीभाडामा लिदा जिल्ला दररेट अनुसार भाडामा लिई सार्वजनिक खर्चमा मितव्ययी हुनेगरी सामानको परिमाण, अवस्थालाई ध्यानदिई गाडी भाडामा लिनु पर्दछ ।	
४८			**विद्यालय सहयोगी अनुदानः** शिक्षा मन्त्रालयको कार्यक्रम निर्देशिका २०७७।७८ तथा १.२ अनुसार दिदा १-२ चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीलाई वार्षिक एकमुष्ठ रु. २६०००।- पारिश्रमिक अनुदान दिने व्यवस्था छ । पालिकाले देहाय अनुसारका विद्यालयहरुलाई तोकिएको पारिश्रमिक अनुदन नदिई प्रति महिना रु.४०००।- का दरले पारिश्रमिक अनुदान भुक्तानी गरेको देखियो । निर्देशिका भन्दा वढि भुक्तानी भएको रु.७८०००।- असूल गरि संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.	७८,०००

विद्यालयको नाम	**पाउने रु**	**दिएको रु**	**वढी रु**
कैलाश आ मावि शान्ति हुम्ला	२६०००	५२०००	२६०००
जनता आवि औल हुम्ला	२६०००	५२०००	२६०००
महादेव मावि खराँ हुम्ला	२६०००	५२०००	२६०००
जम्मा			**७८०००**

४९			**गैरआवासिय छात्रवृति** गैरआवासिय छात्रवृति शिक्षा मन्त्रालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को ४.२ अनुसार IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्धालयबाट कक्षागत विधार्थीहरूको यर्थाथ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गराई गैरआवासिय छात्रा छात्रवृध्दि अनुदान दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्धालयबट कक्षागत विधार्थीहरूको यर्थाथ तथ्याङ्कसँग भिडान नगरी देहाय अनुसार भुक्तनी गरेको देखियो । IEMIS मा तथ्याङ्कमा भएको तथ्याकं भन्दा वढि संख्यामा राखी भुक्तानी भएको छात्रा छात्रवृति असुल गर्नु पर्ने रु.	९३४,५००

सि.नं.	विद्यालयकोनाम	इ.एम.आई.एस.मा छात्रासंख्या	भुक्तानीछात्र संख्या	बढीसख्या	दर	जम्मा
१	कैलाश आ.वि.थापागाउ	७६	९५	१९	१०००	१९०००
२	वुद्धिविकास आ.वि.शिरुपाटा	१८	४०	२२	१०००	२२०००
३	धर्मोदय मा.वि, मैला	६४	११३	४९	१५००	७३५००
४	मदनादेवमा .वि. पाँदा	७४	७४	०	१०००	०
		४४	५९१	५४७	१५००	८२००००
	जम्मा	**२७६**	**९१३**	**६३७**	**६०००**	**९३४५००**

५०

सेनिटरी प्याड खरिद र वितरणः

शिक्षा मन्त्रालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को १०.१ अनुसार सामुदायिक विद्यालयका कक्षा ६-१२ छात्राहरूलाई निशुल्क सेनिटरी प्याड प्रति विद्यार्थी IEMIS मा यर्थाथ तथ्याङ्क यकिन गरी निशुल्क सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ अनुसार १० महिनाको लागि विद्यालय मार्फत विद्यार्थीलाई महिनावारीको समयमा तोकिएको मापदण्ड अनुसारको प्याड उपलब्ध गराउने व्यवस्था छ। गाँउपालिकाका शिक्षा संयोजक श्री जयरुद्र ढकालले पेश्की लिई सेनिटरी प्याड खरिद गरी देहाय अनुसार विद्यालयमा हस्ताणतरण गरेको देखियो । गाँउपालिकाले कक्षा ६-१२ छात्राहरूलाई तथ्याङ्क यकिन नगरी हस्ताणतरण गरेको वितरण भएको प्रमाण पेस नगरेको र सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ पालना गरेको देखिएन ।

गो.भौ.नं.र मिति	विद्यालयको नाम	रकम	सामानको विवरण	परिमाण प्याकेट
११।०७८।३।२५	श्री मदनादेव मावि ताँजाकोट	८३२०००	स्यानेटरी प्याड	२३२५
	श्री धर्मोदय मावि ताँजाकोट			२६२०
	श्री चन्द्र प्रकाश मावि ताँजाकोट			२८०५
	श्री जनप्रकाश मावि ताँजाकोट			२५०५
	क्षेत्रपाल आवि ताँजाकिट			१६००
	श्री सूर्य प्रकाश आवि ताँजाकोठ			१४००
	जम्मा			**13255**

५१			**चैत्रको ग्रेड-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ खण्ड २ (ख) १ अनुसार स्थायी शिक्षकहरुको वार्षिक तलव वृद्धि प्रत्येक वैशाख महिनामा वृद्धि हुने व्यवस्था छ । पालिकाले देहायका शिक्षकहरुको तेस्रो चौमाशिकको तलव भत्ता भुक्तानी गर्दा चैत्रको समेत वृद्धि हुने ग्रेड भुक्तानी गरेकोले १ महिनाको थप ग्रेड असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.	२६,५२७.२

विद्यालयको नाम	शिक्षककोनाम	a9L u]|8	;+ro sf]if	;+rosf]if ;d]t hddf
छायाक्षेत्र आवि	इन्द्रकुमारी ढकाल	940	१.१	1034
	कृष्णभक्त जैसी	940	1.1	1034
	जुनी कुमारी वुढा	887	1.1	975.7
	महाचन्द्र जैसी	887	1.1	975.7
कालिका आवि	धिरेन्द्र वहादुरशाही	887	1.1	975.7
	लक्ष्मी रुद्रजैसी	887	1.1	975.7
जनक आवि	पदमलाल रिठाल	९७५	1.1	1072.5
	तिला कुमारी बुढा	९७५	1.1	1072.5
क्षेत्रपाल आवि	अनिरुद्र जैसी	१०३४	1.1	1137.4
	मनऋषिजैसी	९७५	१	975
वानादेव प्रावि	खड्कवहादुर सिंह	१०३४	१	1034
	हरि प्रसाईभुवाई	१३२०	१	1320
	दत्तवहादुर मल्म	१०३४	१	1034
कैलाश मावि	रत्नलालसुनार	९७५	१	975
	मान वहादुरशाही	९७५	१	975
	रत्नलालसुनार	९७५	१	975

रामदेव मावि	काशीचन्द्रजैसी	९७५	१	975
	कर्णवहादुर शाही	९७५	१	975
जन प्रकाशमावि	विरेन्द्रवहादुर शाही	९७५	१	975
मदनादेव मावि	धनसिंहवोहरा	१०३४	१	1034
	दिपक ऐडि	१०३४	१	1034
	सिंहवहादुर बुढा	९७५	१	975
	चमेली रावल	९७५	१	975
	राकेश कठाँ	१०३४	१	1034
वुद्धिविकासआवि	वल वहादुरवोगटी	१०३४	१	1034
	जय वहादुरथापा	९७५	१	975
जम्मा				**२६५२७**

५२

कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः

शिक्षा मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०७७।७८ को ९.१ अनुसार माध्यमिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा ई.पुस्तकालय) को लागि प्रति विद्यालय वार्षिक रु.६५००००। कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । गाउपालिकाले देहायका विद्यालयहरुमा राष्ट्रपति शैक्षिक सुधार र कार्यसम्पादनमा उत्कृष्ट हुने आधार र प्रमाण वेगर भुक्तानी भएको देखियो ।उक्त विद्यालयहरु कार्य सम्पादनमा उत्कृष्ट भएको प्रस्ताव मूल्याकँन तथा कम्प्युटर प्रयोगशाला पुस्तकालय सचालन भएको आधार पेश गर्नु पर्दछ ।

कार्यक्रमको नाम	विद्यालयको नाम	विवरण	रकम
राष्ट्रपति शैक्षिक सुधार	धर्मोदय मा.व. मैला	कम्प्युटर प्रयोगशाला	६५००००
शैक्षिक सुधार	मदनादेव मा.वि.पाँदा		६५००००
	चन्द्रप्रकाश मा.वि. भदालदिपु	पुस्कतालय	६५००००
शैक्षिक गुणस्तर सुदृढीकरण	जनप्रकाश मा.वि.काँडागाउँ	पुस्तकालय	६५००००
	जम्मा		**२६०००००**

५३			**दिवा खाजा -** शिक्षा मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०७७।७८ को ७.१ अनुसार कर्णाली प्रदेशका ५ जिल्लाहरुमा प्रति विद्यार्थि रु.२०। का दरले विद्यार्थिको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन गरी अनुदान दिनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्धालयबट कक्षागत विधार्थीहरूको यर्थाथ तथ्याङ्कसँग भिडान नगरी देहाय अनुसार भुक्तानी गरेको देखियो । IEMIS मा तथ्याङ्कमा भएको तथ्याकं भन्दा वढि संख्यामा राखी भुक्तानी भएको दिवा खाजा असुल गर्नु पर्ने रु.	१,५४६,३८०

सि नं+	विद्यालयकोनाम	IEMIS मा संख्या	भुक्तानी संख्या	बढी संख्या	दिन	दर	जम्मा
१	जनजागृति आ.वि.चिहि हुम्ला	११४	२५६	१४२	९९	२०	२८११६०
२	वुद्धिविकास आ.वि.शिरुपाटा	११८	२७१	१५३	९९	२०	३०२९४०
३	चन्द्रप्रकाश मा.वि भदालदिपु	१११	३७९	२६८	९९	२०	५३०६४०
४	जनक आ.वि.जिमाना	१८६	२६१	७५	९९	२०	१४८५००
५	जनप्रकाश मा.वि.काँडागाउ	१४८	२९१	१४३	९९	२०	२८३१४०
	जम्मा	**६७७**	**१४५८**	**७८१**	**४९५**	**१००**	**१५४६३८०**

५४

सम्परीक्षणः

गाउपालीको बेरुजु फस्यौर्ट गरी रु. २२१३८७६६।- सम्परीक्षण डोर समक्ष अनुरोध पत्र पेश गरेकोमा फस्यौर्टको व्यहोरा मनासिव देखिएकोले देहायको रु.१६३९४२४१।- वेरुजु सम्परीक्षण गरिएको छ । लगत कट्टाको जानाकारी पछि गराइने छ ।

सि.नं.	आ.व	दफा	सम्परीक्षणको व्यहोरा	सम्परीक्षण गरिएको रकम
१	०७६/७७	२७	समानीकरण अनुदान कट्टा गरी निकासा प्राप्त भएको	२२६१२००
२		३१	उपभोक्ताको लागत सहभागिता अंश असूल भई दाखिला भएको	८००००
३		३४	सवारी साधन खरिद गरेको प्रमाण पेश भएको	४४००२००
४		४७	वढि तलव भुक्तानी भएको असूल भई प्रमाण पेश भएको	१४९११५
५		४८	ढुवानीको फोटोकपी विलको रकम असूल भई दाखिला भएको	३८५२०
६		५६	जग्गा धनि पुर्जा तथा जग्गा धनिलाई रकम भुक्तानी गरेको प्रमाण पेश भएको	१५०००००
७		५७	कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश भएको	१३०५०
८		६३	खर्चको फाँटवारी पेश भएको	४७८८५०१
९		६६.४	जिन्सी दाखिला भई प्रमाण पेश भएको	३०००००
१०		६६.५	विरुवा वितरण भएको भरपाई पेश भएको	८९५९८०
११		६६.६	ओखरको विरुवा दाखिला भई भरपाई पेश भएको	७०००००
१२		६६.८	ओखरको विरुवा दाखिला भई भरपाई पेश भएको	२६८४००
१३		६६.१०	करकट्टी गरी दाखिला गरेको	१०६२०
१४		५०	जिन्सी दाखिला गरी प्रमाण पेश भएको	१४८१७५
१५	०७५।	२८.३	वढी पोशाक भत्ता भुक्तानी भई दाखिला भएको	२३००००

	७६			
१६	०७५। ७६	३०.४	प्रमाण पेश भई फस्यौर्ट भएको	८८८००
१७	०७५। ७६	३१.३, ३३.२, ४०, ५१	पोशाक भत्ता र दोहोरो तलव भत्ता भुक्तानी भएको अशुल भई दाखिला भएको प्रमाण पेश भएको	२३८६८०
१८	०७६। ७७	६२	प्रमाण पेश भई फस्यौर्ट भएको	२४०८००
			जम्मा	**१६३९४२४१**

५५ **अनुगमन तथा मूल्याङ्कनः**

अनुगमन तथा मूल्याङ्कनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ ः

गत वर्षको बेरुजु रकम -रु=_ -A_	यो वर्ष फछ्र्योट -B_	बाकी -C= A-B_
८८१३२९०७.४७	१६३९४२४१	७१७३८६६६.४

५६ **अद्यावधिक बेरुजु स्थिति ः**

गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ ः

गतवर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)	यो वर्षको सं प.बाटकायम बेरुजु रु.	यो वर्षको कायम बेरुजु रु.	बाँकी
७१७३८६६६.४	0	३६,८०९,३५०	१०८५४८०१६.४

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ ।